संघीय संसद

राष्ट्रिय सभा

दिगो विकास तथा सुशासन समिति

मिति- २०७७/०१/१२

जम्मा बैठक संख्या- ५८

**निर्णयहरु**

१.विश्वभरि कोभिड १९ को महामारी एवं नेपालमा पनि यसको संक्रमण बढ्ने जोखिम रहेको सन्दर्भमा सरकारलाई महामारी रोकथामको सन्दर्भमा यथाशिघ्र पहलकदमी लिन निर्देश गर्ने ।

२ विभिन्न प्रदेशका जनप्रतिनिधिहरुसंग समन्वय गर्दा दुर्गम जिल्लाहरुमा एवं क्वारेन्टाइनमा बसेका नागरिकहरुको लागि परिक्षण किट लगायत स्वास्थ्य सामग्रीहरुको कमी देखिएकोले प्राथमिकताका साथ तुरुन्त उपलब्ध गराउन सरकारलाई निर्देशन गर्ने ।

३.कोरोना भाइरसको महामारीको सन्दर्भमा .भारत लगायत अन्य मुलुकमा रहेका नेपालीहरुको अवस्थाबारे सरकारले यथाशीघ्र जानकारी लिइ संरक्षणात्मक कार्यक्रमहरु तत्काल सञ्चालन गर्ने ।

४.सार्वजनिक मिडियाहरुमा आएको सरकारको गतिबिधिप्रति समितिको गम्भिर ध्यानाकर्षण भएको सन्दर्भमा सरकारको भूमिकालाई पारदर्शि, जवाफदेहि, बस्तुपरक र सामाजिक न्याय एवं मानव अधिकारको संरक्षण जस्ता सुशासनका मूलभूत मान्यतामा केन्द्रित हुन निर्देशन गर्ने ।

५.कोरोना संक्रमण सन्दर्भमा निर्मित आइसोलेसन वार्ड ,क्वारेन्टाइन ,स्वास्थ्य सामग्रीको उपलब्धता ,जनस्वास्थ्यको अवस्था सम्बन्धमा अनुगमन एवं नियमनको पक्षमा ध्यान दिने ।

६.समितिको अर्को बैठक सूचना जारी गरेपछि बस्नेगरि आजको बैठक स्थगित गरिन्छ ।

Scanned with CamScanner